नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

पो.ब.नं.: ४०७
लाजिम्पाट, काठमाडौं।

पत्र संख्या: २०८३/०८४
प्रा.प.सं. :

प्रेस विज्ञप्ती-३९

"ठगी तथा संगठित अपराध सम्बन्धी कसूरमा संलग्न व्यक्तिहरु पक्राउ"

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंको पत्र तथा विकास रानाभाट समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी कैलाश खड्का समेत भएको **ठगी सम्बन्धी कसूर तथा संगठित अपराध निवारण ऐन, २०७०** अन्तर्गतको कसूरमा मलेसिया सरकार र नेपाल सरकारबीच भएको सम्झौता (MoU) को विपरित हुने गरी गैर कानूनी रुपमा ठगी गरी संकलन गरिएको रकम मध्ये USD ८३,७०,४३९.९२ र GBP ३७,१७,९८०.८० गरी हुने जम्मा रकम रू. १,६९,०२,२४,०२६.७६ सम्झौताको दायरा र कानूनी प्रक्रिया विपरीत अधिकार क्षेत्र नाघेर बदनियतपूर्वक विदेशी मुद्रा अपचलन गराई देशको अर्थतन्त्र प्रतिकुल (मुद्रा संचितीकरणमा नोक्सानी) हुने निर्णय गरी संगठित समूहको लाभको लागि जानी जानी आफ्नो पदीय जिम्मेवारी तथा कर्तव्य विपरीत श्रमिकहरुलाई संगठित रुपमा ठगी गर्ने कार्यमा मौन रही कानूनी उपचार नगरी/ नगराई गैर कानूनी रुपमा संकलन भएको रकम मलेसिया पठाउने निर्णय गर्ने कार्यमा संलग्न रहेका व्यक्तिहरुलाई पक्राउ गरी अनुसन्धान गर्न आज मिति २०८३/०८/०२ गते सम्मानित काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंबाट पक्राउ पूर्जी जारी गर्ने अनुमति लिई निम्न व्यक्तिहरुलाई आजै काठमाडौं, ललितपुर र सर्लाहीका विभिन्न स्थानबाट पक्राउ गरी अनुसन्धान भई रहेको।

निम्न:

१. जिल्ला अछाम, चौरपाटी गाउँपालिका वडा नं. ०४ स्थायी वतन भई हाल जिल्ला ललितपुर, महालक्ष्मी नगरपालिका, वडा नं. ५ बस्ने तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री वर्ष ६० को शेर बहादुर कुँवर।
२. जिल्ला सर्लाही, चक्रघट्टा गाउँपालिका, बेल्ही बस्ने तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री वर्ष ६१ को रामेश्वर राय यादव।
३. ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. २३ बस्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तत्कालीन सचिव वर्ष ६४ को बिनोद के.सी.।
४. जिल्ला काठमाडौं, गोकर्णेश्वर नगरपालिका, वडा नं. ५ बस्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, तत्कालीन रोजगार व्यवस्थापन महाशाखा प्रमुख (सह-सचिव) वर्ष ५१ को उमेश ढुङ्गाना।
५. जिल्ला ललितपुर, ललितपुर महानगरपालिका, वडा नं. १५ बस्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, तत्कालीन रोजगार व्यवस्थापन महाशाखा प्रमुख (सह-सचिव) वर्ष ५३ को राजिव पोखरेल।
६. जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका, वडा नं. ९, भत्केकोपुल बस्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, रोजगार व्यवस्थापन महाशाखाका तत्कालीन कानून अधिकृत (उप-सचिव) वर्ष ४९ की निर्मला गुरुङ।

मिति २०८३/०८/०२ गते।
ने.स. ११४७

अनुपम शमशेर ज.ब.रा.
(प्रहरी वरिष्ठ उपरीक्षक)
प्रवक्ता/ सूचना अधिकारी
सम्पर्क नं.९८५१२९१३११